# बर्दगोरिया गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः १० संख्याः ९ मितिः २०८३/०१/२९

भाग-२

**बर्दगोरिया गाउँपालिका शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका,२०८३**

कार्यपालिकाबाट पारित मितिः २०८३/०१/०८
प्रमाणीकरण मितिः २०८३/०१/२९
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३/०१/२९

बर्दगोरिया गाउँपालिका

<u>बर्दगोरिया गाउँपालिकाको शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका, २०८३</u>

शिक्षा बिज्ञान तथा प्रबिधि मन्त्रालयको विद्यालय सुपरिवेक्षण तथा सहायता निर्देशिका, २०८०, बर्दगोरिया गाउँपालिकाको शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन सम्बन्धी कार्यविधि, २०८३ बमोजिम विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिबृद्धि गर्दै विद्यालयलाई सिकाईको केन्द्रको रुपमा विकास गर्न, विद्यार्थीको सिकाई सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण गरी शिक्षक शिक्षा सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाईमका सुधार गर्न बान्छनिय भएकोले बर्दगोरिया गाउँपालिकाको आधारभूत तथा माध्यामिक शिक्षा ऐन, २०७९ को दफा ५० (२) ले दिएको अधिकार प्रयोग गरी यो तयार गरिएको छ ।

परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **शैक्षणिक स्रोत व्यक्ति छनौट सम्बन्धी निर्देशिका**, २०८३" रहनेछ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति बाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

**(क)** "शैक्षणिक श्रोत व्यक्ति" भन्नाले शिक्षकको कक्षा अवलोकन गरी विद्यालयमा समाबेशी, गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्न शिक्षक लाई पेशागत सहयोग गर्ने व्यक्ति भन्ने बुझिन्छ।

**(ख)** "पालिका" भन्नाले बर्दगोरिया गाउँपालिका भन्ने बुझिन्छ।

**(ग)** "ऐन" भन्नाले गाउँपालिकाको शिक्षा ऐन सम्झनु पर्दछ ।

**(घ)** "कार्यपालिका" भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँकार्यपालिका बुझिन्छ ।

**(ङ)** "विद्यालय" भन्नाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय बुझिन्छ ।

**(च)** "शाखा" भन्नाले गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ ।

**(छ)** "शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुख सम्झनु पर्दछ ।

**(ज)** "गाउँ शिक्षा समिति" भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

**परिच्छेद-२**

## छनोट समिति सम्बन्धी व्यवस्था

३. **छनोट समिति सम्बन्धी व्यवस्थाः** शैक्षणिक स्रोत व्यक्ति छनोटको लागि देहाय बमोजिमको तीन सदस्यीय छनोट समिति हुनेछ। उक्त समितिले शैक्षणिक स्रोत व्यक्ति छनोटको सम्पूर्ण प्रक्रिया सम्पन्न गर्नेछ।

बर्दगोरिया गाउँपालिका

**(क)** गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

**(ख)** मा.वि.द्धित्तीय श्रेणी वा सो सरह उ.मा.वि.शिक्षक/प्रध्यापक विषय विज्ञ २ जना — सदस्य

**(ग)** टेक्सेस परियोजनाको प्रतिनिधि - सदस्य

**(घ)** गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

४. **<u>शैक्षणिक स्रोत ब्यक्तिकालागि न्यूनतम योग्यता</u>**

(क) शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) कम्तीमा १० वर्षको विद्यालय/क्याम्पसको शिक्षण वा शिक्षा कार्यक्रम संग सम्बद्ध प्रशिक्षणमा अनुभव भएको ।

(ग) शिक्षक तालिम तथा पेशागत विकास र सहयोग सम्बन्धि कार्यक्रममा अनुभव भएको ।

(घ) फिल्ड कार्य, विद्यालय भ्रमण तथा कक्षा अवलोकनमा रुचि र तत्परता भएको ।

(ङ) समावेशी शिक्षण सिकाइ सम्बन्धि ज्ञान तथा अनुभव भएको ।

(च) विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा दक्षता भएको।

(छ) कम्प्युटर तथा सूचना प्रविधिको राम्रो ज्ञान भएको ।

(ज) प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण गर्ने क्षमता भएको ।

(झ) नेतृत्व, सहकार्य तथा सकारात्मक सोच भएको ।

(ञ) २१ वर्ष उमेर पुरा भई ६५ वर्ष ननाघेको ।

(ट) प्रचलित कानूनले अयोग्य नभएको ।

## परिच्छेद-२

## <u>शैक्षणिक स्रोत व्यक्ति छनौटका आधारहरु</u>

५. **<u>शैक्षणिक स्रोत व्यक्ति छनौटका आधारहरुः</u>** (१) शैक्षणिक स्रोत व्यक्ति छनौटका आधारहरु देहाय बमोजिम हुनेछन ।

(२) शैक्षणिक स्रोत व्यक्ति छनौट १०० पूर्णाङ्कको आधारमा हुनेछ।

| | | |
|---|---|---|
| (क) छोटो सूची वापतः | - | २५ |
| (ख) लिखित परिक्षा वापत | - | ५० |
| (ग) अन्तरवार्ता वापत | - | २५ |
| जम्मा | | १०० |

६. **<u>छोटो सूची सम्बन्धी व्यवस्था</u>**ः (१) छोटो सूची सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(२) दर्ता हुन आएका आवेदनहरु न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत २५ x १०० बमोजिमको समितिले अंक गणना गरी वर्णानुक्रम अनुसार छोटो सूची प्रकाशन गर्नेछ । छोटो सूचीकरणका लागि अंक गणना गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशत वापत- ५ अङ्क,

(ख) तोकिएको भन्दा माथिल्लो शैक्षिक योग्यता वापत - ५अङ्क

(ग) नेपाल सरकारद्वारा सञ्चालित शिक्षा सम्वन्धि कार्यक्रम वा शिक्षकको क्षमता अभिवृद्धि वा सोही प्रकृतिको काम गरेको अनुभव वापत प्रति वर्ष १ अङ्कका दरले अधिकतम- ५ अङ्क

(घ) महिला वा दलित वा अपाङ्गता- ३ अङ्क

(ङ) उम्मेदवारको स्थायी स्थानीय तह बसोबास क्षेत्रको स्थानका आधारमा- ३ अंङ्क

(अ) सम्बन्धित जिल्लाको स्थायी बासिन्दा- २ अङ्क

(आ) सुदूरपश्चिम प्रदेशको स्थायी बासिन्दा- १ अङ्क

(इ) अन्य प्रदेशको स्थायी बासिन्दा- १ अङ्क

(३) अंक गणना गर्दा ४५ (पैंतालीस) प्रतिशत अंक प्राप्त गर्ने सबै उम्मेदवारलाई छोटो सूचीमा सूचीकरण गरिनेछ।उम्मेदवारको छोटो सूची सूचीकरण गर्दा वर्णानुक्रम अनुसार नामावली प्रकाशन गरिनेछ ।

७. **<u>लिखित परिक्षाका लागि समावेश गर्नुपर्ने मुख्य विषयवस्तुहरू:</u>** (१) परिक्षामा समावेश गर्नुपर्ने विषयवस्तुहरु देहाय बमोजिम हुनेछन

(क) नेपालीमाः ५०

(ख) शिक्षकको राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रावधानहरू (१०)

- नेपालको शिक्षा ऐन, नियमावली, बिद्यालय शिक्षा क्षेत्र योजना र शिक्षक सेवा सम्बन्धी नीति
- शिक्षाका अन्तर्राष्ट्रिय अभ्यासहरू (SDG-४, Inclusive Education, आदि)

(ग) विद्यालयहरूको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्ष (१०)

- विद्यालयको भौतिक पूर्वाधार (कक्षाकोठा, शौचालय, पिउनेपानी, ICT)
- विद्यालयको शैक्षिक वातावरण (शिक्षण सिकाइ प्रक्रिया, पठनपाठन सामग्री)
- विद्यालय व्यवस्थापन समिति (SMC), PTA, SIP (School Improvement Plan)
- पारदर्शी व्यवस्थापन र EMIS प्रणाली

(घ) शिक्षकको पेशागत विकास (Teacher Professional Development) (१०)

- निरन्तर पेशागत विकास (TPD) का सिद्धान्त र अभ्यास
- शिक्षक तालिमका ढाँचा (प्रि—सर्भिस र इन—सर्भिस)
- शिक्षक मूल्यांकन प्रणाली
- शिक्षकको मनोबल वृद्धि र उत्प्रेरणा प्रवर्द्धन गर्ने उपायहरू

(ङ) तालिमसम्बन्धी ज्ञान (१०)

- शिक्षक तालीमका उद्देश्य र महत्त्व
- प्रभावकारी तालीमको विशेषता
- सिकाइको मूल्याङ्कन विधिहरू
- अभ्यासमूलक (practical) तालिम र कक्षा प्रयोगशाला

(च) कक्षाकोठाका समस्या तथा समाधान उपायहरू (५)

- विद्यार्थी अनुशासन, उपस्थितिको समस्या
- सिकाइमा विविधता (learning difficulties, disabilities)
- द्विभाषिक शिक्षण समस्या
- कक्षा व्यवस्थापनमा ICT वा स्थानीय स्रोतको प्रयोग
- मेंटोरिङ (Mentoring) र कोचिङ (Coaching) (५)
- शिक्षकलाई व्यक्तिगत रूपमा सहयोग गर्न Mentoring को भूमिका
- कोचिङ विधिहरूः classroom observation, feedback
- पेडागोजिकल रिसोर्स पर्सन (PRP) वा शिक्षक प्रशिक्षकको भूमिका

८. **<u>अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था</u>**ः अन्तवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) छोटो सूचीमा सूचीकरण भएका र लिखित परिक्षामा पास भएका उम्मेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ। अन्तरवार्ता २५ पूर्णाङ्कको हुनेछ।

(ख) अन्तरवार्ता समितिका सदस्यले अन्तरवार्तामा उम्मेदवारलाई न्यूनतम ४० (चालीस) प्रतिशत र अधिकतम ७० (सत्तरी) प्रतिशतको सीमा भित्ररही अङ्क प्रदान गर्नु पर्नेछ। यो सीमा भन्दा कम वा बढी अङ्क दिनु परेमा स्पष्ट कारण खुलाउनु पर्नेछ।

(ग) समितिका सदस्यहरूले दिएको औषत अङ्कलाई उम्मेदवारले प्राप्त गरेको अङ्क मानिनेछ।

बद्रीगंगा नगरपालिका

(घ) अन्तरबार्ता समस्या समाधान सम्बन्धि बिषयमा केन्द्रित हुनेछ। सम्बन्धित उम्मेदवारले पाएको बिषयमा प्रस्तुतीकरण कम्प्युटरमा बनाई प्रस्तुत गर्नु पर्नेछ।

(ङ) अन्तरबार्ताको निर्धारित प्रश्न र थप प्रश्न समिति सदस्यहरुले सोधन सक्नेछन ।

९. **<u>अन्तिम योग्यताक्रम प्रकाशन गर्ने:</u>** उम्मेरदवारको अन्तिम योग्यताक्रम देहाय बमोजिम हुनेछ ।

(क) उम्मेदवारले प्राप्त गरेको कूल प्राप्ताङ्कको आधारमा समितिले अन्तिम योग्यताक्रम निर्धारण गरी सफल उम्मेदवारको नामावली सिफारिस गर्नेछ।

(ख) योग्यताक्रम अनुसार छनौट भएका सफल उम्मेदवारहरूको अन्तिम नामावली सूचना पाटी र वेवसाइटमा प्रकाशन गर्नेछ।

(ग) अन्तिम नामावली प्रकाशन गर्दा विज्ञापन बमोजिम वैकल्पिक उम्मेदवारको नामावली समेत प्रकाशन गर्नुपर्नेछ।

(घ) अन्तिम योग्यता सूचीमा पर्न सफल उम्मेदवारलाई कार्यालयले जानकारीको लागि सूचना गर्नु पर्नेछ।

(ङ) करार सम्झौता गर्दा करार सेवा सुरू र अन्त्य हुने मिति सेवा सुविधा, कार्यबिबरण समेत उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद-२

## <u>विविध व्यवस्था</u>

१०.**<u>निर्देशिकामा संशोधन:</u>** यस निर्देशिकामा अर्को व्यवस्था नभएसम्म लागु भईरहने छ र यस निर्देशिकामा आवश्यक संशोधन गर्नु परेमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

११.**<u>स्वतः खारेज हुने:</u>** यो निर्देशिका तथा यस निर्देशिकाका दफा तथा उपदफा संघ तथा प्रदेश कानूनसंग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज भएको मानिनेछ ।

आज्ञाले

नन्दा कुमारी भट्ट

प्रमुख प्रशासकीय अधिकृत